# श्री भर्ना छनौट निर्देशनालय, जङ्गी अड्डा
# सि.सं. ५५ पदिक तथा बिल्लादार अधिकृत क्याडेट पदको
# दरखास्त आव्हान सम्बन्धी सूचना

१. आ.व. ०८३/८४ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका बमोजिम नेपाली सेनामा रिक्त रहेको अधिकृत पद (सहायक सेनानी) आन्तरिक प्रतियोगिताबाट पदपूर्ति गर्न **"सैनिक सेवा नियमावली, २०६९ (छैठौं संशोधन २०८३)"** र **"भर्ना छनौट निर्देशिका, २०७१"** अनुसार सि.सं. ५५ पदिक तथा बिल्लादार अधिकृत क्याडेट छनौट गर्न देहायमा उल्लिखित योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट दरखास्त पेस गर्न आव्हान गरिन्छ ।

२. विज्ञापन नं. ०८३/८४/आन्तरिक/०१

३. आवश्यक संख्या. ८० (असी)

४. दरखास्त दिने मिति. मिति २०८३/०५/२६ गतेदेखि मिति २०८३/०६/१५ गतेसम्म।

५. दरखास्त पेस गर्ने तरिका. श्री भर्ना छनौट निर्देशनालयको आधिकारिक पोर्टल मार्फत अनलाईन दरखास्त पेस गर्नु पर्नेछ । (आधिकारिक पोर्टल http://vacancy.nepalarmy.mil.np)

६. दरखास्त दस्तुर. दरखास्त फाराम बुझाउदा रु.१,०००।- (एक हजार मात्र) श्री नेपाल बैंक लिमिटेडको खाता नम्बर ००१०१००००००००१००१००१ (कार्यालय कोड ३४५०१३५१३ र राजश्व शिर्षक नं.१४२२४ परीक्षा शुल्क) मा राजश्व रकम जम्मा गर्नु भई सोको सक्कल भौचर तथा प्रतिलिपि प्रति १/१ (एक/एक) दरखास्त फारामसाथ पेस गर्नु पर्नेछ ।

७. आवश्यक योग्यता. नेपाली सेनाका जुनसुकै सेवामा वहाल रहेका पदिक तथा बिल्लादार पदको सैनिक व्यक्ति परीक्षामा सरिक हुन पाउने छन् । साथै, आन्तरिक प्रतियोगिताबाट अधिकृत क्याडेटमा छनौटको लागि बढिमा तीन पटक मात्र भाग लिन पाउने छन् ।

(क) शैक्षिक योग्यता तथा तालिम.

(१) पदिकको लागि: प्रवेशिका परीक्षा वा एस.ई.ई. वा सो सरह वा आर्मी फष्ट क्लास उत्तीर्ण गरेको र बिल्लादार ग्रेड दुई तालिम गरेको हुनुपर्ने ।

(२) बिल्लादारको लागि: प्रविणता प्रमाणपत्र तह वा दश जोड दुई वा सो सरह उत्तीर्ण भएको र बिल्लादार ग्रेड दुई तालिम गरेको हुनुपर्ने ।

(ख) सेवा अवधी. पदिक तथा बिल्लादार दुवैको हकमा फाराम भर्ने अन्तिम मिति (२०८३/०६/१५ गते) सम्ममा सेवा अवधि ७ वर्ष पुरा भएको हुनुपर्ने।

८. <u>पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरु.</u>

(क) <u>सम्बन्धित युनिटपतिबाट प्रमाणित गराई दरखास्त पेस गर्दा अपलोड गर्नुपर्ने कागजातहरु:</u>

(१) <u>पदिक अधिकृत क्याडेटको लागि.</u> प्रवेशिका परीक्षा उत्तीर्ण प्रमाण-पत्र वा एस.ई.ई. वा आर्मी फष्ट क्लासको लब्धाङ्क पत्र/ग्रेड सिट, चारित्रिक प्रमाणपत्र र ओरिजिनल/प्रोभिजिनल प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(२) <u>बिल्लादार अधिकृत क्याडेटको लागि.</u>

(क) प्रवेशिका परीक्षा उत्तीर्ण प्रमाण-पत्र वा एस.ई.ई. को लब्धाङ्क पत्र/ग्रेड सिट, चारित्रिक प्रमाणपत्र, ओरिजिनल/प्रोभिजिनल प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(ख) कक्षा ११ मा उत्तीर्ण भएको ग्रेड सिटको प्रतिलिपि तथा प्रमाण-पत्र तह वा एस.एल.सि. (कक्षा १२) को ट्रान्सक्रिप्ट (लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र ओरिजिनल/प्रोभिजिनल प्रमाणपत्रको प्रमाणित प्रतिलिपी) ।

(३) <u>पदिक तथा बिल्लादार दुवैको लागि.</u>

(क) बिल्लादार ग्रेड दुई लगायत अन्य तालिमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी ।

(ख) सम्बन्धित युनिटपतिको सिफारिस पत्र (सो पदमा दरखास्त दिएको पटक खुलाई)।

(ग) प्रो-फाराम ।

(घ) राजश्व शुल्क तिरेको भौचर ।

<u>नोट:</u> उक्त अपलोड गरेका शैक्षिक योग्यता तथा तालिमको प्रमाणपत्र लगायत अन्य कागजातहरु **सम्पर्क मितिको दिन उम्मेदवार स्वयमले नेपाली फायलमा संलग्न गरी बुझाउनु पर्नेछ** । साथै, उक्त दिन दरखास्त साथ पेस गरेका सबै कागजातहरुको सक्कल प्रति समेत साथमा ल्याउनु पर्नेछ।

९. सम्बन्धित युनिटले परीक्षामा सरिक हुन आउने पदिकहरुको हकमा विगत १ वर्षको नेकिवदी सम्पर्क मिति भित्र **श्री सैनिक संगठन निर्देशनालयमा** र बिल्लादारहरुको हकमा १ वर्षको गोप्य प्रतिवेदन **यस निर्देशनालयमा** पठाउनु पर्नेछ ।

१०. <u>फोटोग्राफ.</u> उम्मेदवारले हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको देहाय अनुसारको फोटो दरखास्त साथ पेस गर्नुपर्नेछ ।

(क) पासपोर्ट साईजको फोटो प्रति - ४ (चार) ।

(ख) २x२ साईजको फोटो प्रति - १ (एक)

११. <u>सम्पर्क मिति र स्थान.</u>

(क) मिति २०८३/०६/१९ गतेको १००० बजे केन्द्रीय भर्ना छनौट केन्द्र, स्वयम्भू।

(ख) उक्त दिन अनलाईन मार्फत दरखास्त पेस गर्दा प्राप्त आवेदन नम्बर सहितको दरखास्त फारामको प्रिन्ट प्रति सहित उम्मेदवारहरु अनिवार्य उपस्थित हुनुपर्नेछ ।

१२. **प्रतिवेदन.** सम्पर्क मितिको दिन अनिवार्य रुपमा उपत्यका भित्र युनिट भएका उम्मेदवारहरु प्रतिवेदन पत्र सहित उपस्थित हुनुपर्नेछ भने उपत्यका बाहिर युनिट भएका उम्मेदवारहरुले चलानी तथा एल.आर.सी. सहित प्रतिवेदन गर्नुपर्नेछ ।

१३. **छनौट प्रक्रिया.**

(क) **शारीरिक परीक्षा:** शारीरिक परीक्षा सम्बन्धी मापदण्ड देहाय बमोजिम रहेको छ ।

| लिङ्ग | उमेर हद | सिटअप | पुसअप | चिनअप | २ माईल दौड |
|---|---|---|---|---|---|
| पुरुष | ४० वर्ष माथि | १५ पटक | १२ पटक | ३ पटक | १८ मिनेट (चुस्ता बुठमा खाली हात) |
| महिला | | ८ पटक | ६ पटक | - | २३ मिनेट (चुस्ता बुठमा खाली हात) |
| पुरुष | ४० वर्ष मुनि | १५ पटक | १२ पटक | ४ पटक | १६ मिनेट (चुस्ता बुठमा खाली हात) |
| महिला | | ८ पटक | ७ पटक | ३ पटक | १८ मिनेट (चुस्ता बुठमा खाली हात) |

(ख) **आई.क्यु. परीक्षा:** बहु बैकल्पिक प्रश्नहरु मात्र (समय: ३० मिनेट) ।

(ग) **लिखित परीक्षा:** लिखित परीक्षा श्री लोक सेवा आयोगबाट सञ्चालन गरिनेछ र देहायको विषयमा निर्धारित पाठ्यक्रम बमोजिम हुनेछ ।

(१) अंग्रेजी (२) नेपाली (३) गणित (४) सामान्य ज्ञान

(घ) **गुणमापक परीक्षा:** विशेषज्ञ अधिकृतहरुबाट गुणमापक (टि.ओ., जि.टि.ओ., आई.ओ. तथा बोर्ड कन्फरेन्स) परीक्षा सञ्चालन गरिनेछ ।

(ङ) **विस्तृत स्वास्थ्य परीक्षण:** श्री वीरेन्द्र अस्पताल, छाउनीबाट विस्तृत स्वास्थ्य परीक्षण गरिनेछ ।

(च) **बोर्ड अन्तर्वार्ता:** पदपूर्ति समितिका पदाधिकारीबाट अन्तर्वार्ता हुनेछ ।

१४. **पाठ्यक्रम.** पदिक तथा बिल्लादार अधिकृत क्याडेट पदको आई.क्यू. तथा लिखित परीक्षाको पाठ्यक्रम नेपाली सेनाको आधिकारिक पोर्टल http://vacancy.nepalarmy.mil.np को **ARMY SYLLABUS** भित्र हेर्न सकिने छ।

१५. **अनलाईन दरखास्त फाराम भर्ने सम्बन्धमा जानकारी;**

(क) नेपाली सेनाको आधिकारिक पोर्टल http://vacancy.nepalarmy.mil.np मा गई पदिक तथा बिल्लादार पदको लागि **"Apply Online"** मा Click गर्ने ।

(ख) अनलाईन दरखास्त फाराम भर्न निम्न अनुसारको विवरणहरु नेपाली युनिकोडमा भर्नु पर्नेछ । साथै उम्मेदवारको फोटो, नेपाली नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्रहरु र राजश्व दस्तुर तिरेको भौचरको स्क्यान/डिजिटल कपी अनिवार्य आवश्यक पर्दछ ।

(१) नेपाली नागरिकताको विवरण (२) व्यक्तिगत विवरण

(३) शैक्षिक विवरण (४) पारिवारिक विवरण

(५) तालिमको विवरण (६) सम्बन्धित पतिको सिफारिस र प्रो-फाराम विवरण

(ग) अनलाईन दरखास्त फाराम भर्दा शुरुमा उम्मेदवारको उमेर, शैक्षिक योग्यता, नागरिकता जस्ता विवरणका आधारमा तोकिएको न्यूनतम योग्यता प्रविष्ट (Entry) गरी मान्य भएपछि मात्र उम्मेदवारले त्यसपछि भर्नुपर्ने फारामहरुमा प्रवेश पाउनेछन् ।

(घ) आवश्यक विवरण तथा डकुमेन्टहरु प्रविष्ट/अपलोड भएपछि राजश्व तिरेको भौचरको स्क्यान/डिजिटल कपी वा अनलाईन राजश्व तिरेका आवेदकको हकमा Transaction को स्क्रिनसट सहित अपलोड गरी Submit Application गर्ने र उम्मेदवारले सो विवरण सहितको दरखास्त फाराम, प्रवेशपत्र, राजश्व दस्तुरको भौचर डाउनलोड गरी PDF Format मा Save गर्ने र प्रिन्ट गर्ने ।

(ङ) उक्त आवेदन नम्बर सहितको प्रिन्ट गरेको दरखास्त फाराममा उम्मेदवारले फोटो र निवेदकले सहिछाप गरी बुँदा नं.८ मा उल्लिखित अन्य कागजात सहित सम्पर्क मितिको दिन पेस गर्नुपर्नेछ ।

(च) यदि कुनै उम्मेदवारको दरखास्त फाराम भर्दा आवश्यक योग्यताको विवरण र प्रमाणपत्रहरु गलत भएमा उक्त दरखास्त फारामलाई मान्यता दिईने छैन ।

(छ) अनलाईन दरखास्त फाराम भर्न केहि प्राविधिक कठिनाई भएमा **"Request for Help"** मा गएर आफ्नो कठिनाई व्यक्त गर्न सकिन्छ । साथै **"Frequently Asked Questions"** मा गएर पनि आफ्नो जिज्ञासा/कठिनाई सम्बन्धी जानकारी पाउन सकिन्छ । अनलाईन आवेदन सम्बन्धी थप केहि जानकारी लिनु परेको खण्डमा सूचना प्रविधि निर्देशनालयको सम्पर्क नम्बर ०१-५९७९३०५ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ।

१६. यस सूचना नेपाली सेनाको आधिकारिक पोर्टल http://vacancy.nepalarmy.mil.np को **VACANCY & RECRUITMENT** मा समेत हेर्न सकिनेछ । साथै, यस सम्बन्धमा केही द्विविधा भएमा श्री भर्ना छनौट निर्देशनालयको टेलिफोन नं.०१-५९७९४७८ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।

(रोशन प्रताप ज.ब.रा.)
सहायक रथी
निर्देशक